# उदयपुरगढी गाउँपालिका

## आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट

### आर्थिक वर्ष २०७९/०८० को बजेट समीक्षा



**प्रकाशक**

**उदयपुरगढी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

कोशी प्रदेश, नेपाल

CamScanner

आदर्णिय सभासद ज्युहरू
चालू आ.व. २०७९।८० को नीति तथा कार्यक्रमको क्षेत्रगत विकासको समिक्षा पेश गर्दछु ।

## आर्थिक क्षेत्र

### १. कृषि बिकास क्षेत्र तर्फः

सहकारी, लघु उद्यम, पर्यटन, कृषि तथा पशु सेवा तर्फ कुल बजेट २ करोड ७६ लाख ५४ हजार विनियोजन भएकोमा सो अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु यस प्रकार छन्;-

चैते धान खेतीको क्षेत्रफल विस्तार भएको छ । कृषक समूहका प्रतिनिधिहरुलाई ३ दिने व्यवसायीक तरकारी खेतीको तालीम सञ्चालन गरिएको छ । यसै गरि वडा नं १ को वन्चरे, बडा नं ५ को कुर्कुनटार र वडा नं. ८ को नेपालटार फाँटमा कृषक पाठशाला सञ्चालन गरिएको छ । वडा न १, ३ र ८ मा उन्नत मकैको विउ ८० प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गरिएको छ । मौरीपालनका लागि वडा नं. १, वडा नं. ५ र वडा नं ६ मा करिव ६५ वटा आधुनिक मौरीघारहरु वितरण गरिएको । यसै गरि सबै वडाहरुमा ८० वटा भकारो सुधारका कार्यक्रमहरु सम्पन्न गरिएको छ । कृषकहरुलाई ८० वटा प्लाष्टिक टनेल वितरण गरिएको छ। नेपालटार वजारमा श्री पद्मावतीमाई कृषि सहकारीसंगको साझेदारीमा कृषि मेला प्रदर्शनी ३ दिन सञ्चालन गरियो । कृषि यन्त्र उपकरण वितरण कार्यक्रम ७५ प्रतिशत अनुदानमा मिनिटिलर वितरण समुह, फर्महरु मार्फत सञ्चालन गरिएको छ । अदुवा बेसार खेती मार्फत यस गाउँपालिकाको वडा नं. २, ३, ४ र ७ मा कृषक फर्महरुसंगको साझेदारीमा सञ्चालन गरिएको छ । वडा नं २ र ३ मा पहिलो पटक कोदोको थ्रेशर वितरण गरिएको त्यस्तै कर्न सेलर, ब्रस कटर लगायतका सामाग्रीहरु वितरण गरिएको छ । धान खेतीमा क्रप कटीङ्ग गरिएको, विउ विजन सुरक्षीत राख्न हर्मेटिक व्याग वितरण गरिएको छ। तथा मकै वालीमा लागेको फौजी किरा नियन्त्रणको लागि विषादी वितरण गरिएको छ । विभिन्न २५ वटा साना सिँचाईका कार्यक्रमहरु सञ्चालन गरिएको छन् ।

### २. पशुपन्छि क्षेत्र तर्फ

सामुहिक वंगुर पालन र वाख्रापालनका कार्यक्रमहरु सञ्चालन भएको, ५० प्रतिशत अनुदानमा वोयर वोका आठवटै वडामा वितरण गरिएको, उन्नत वंगुरको विरहरु वडा बडामा वितरण गरिएको छ । चुरीयामाई दुग्ध डेरीलाई मिल्क एनालाईजर मेसीन वितरण गरिएको छ । भेडा पालक कृषक तथा फर्मलाई अनुदान प्रदान भएको छ भने कृषकहरूलाई च्याफ कटर खरिद ढुवानी गरी वितरण सम्पन्न भएको छ । गाउँपालिका स्तर पशुपन्छी पालन तथा व्यवस्थापन तालिम यस गा.पा.को २,४,६ र ८ मा सम्पन्न गरिएको छ, हिउदे घाँसको विउ वितरण सबै वडाहरुमा वितरण गरिए च्याउँ खेती विस्तार प्रवद्र्धन कार्यक्रम यस गा.पा.को ५ र ६ मा सम्पन्न गरिएको, कृषि यन्त्र औजार उपकरणमा ७५% अनुदान कार्यक्रममा ११ वटा समानीकरण अनुदान तर्फको वजेटवाट वितरण गरिएको र ४ वटा संघिय सरकारवाट प्रदान गरिएको धान उत्पादन प्रबद्र्धन कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा यान्त्रीकिकरण सामाग्री वितरण गरिएको छ।

### ३. लघुउद्यम बिकास तर्फ

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ४० जनालाई स्तरोन्नतीबाट स्वरोजगार वनाईएको छ । ८५ मध्ये ७२ जनाको हालसम्म उद्यमशीलता विकास तालीम पश्चात सहभागीहरुले छनौट गरेको व्यवसाय सम्बन्धि सिप विकास तालीम संचालन भईसकेको छ । गाउँपालिकामा स्थानीय कच्चा पदार्थ प्रयोग गरि सावुन



CamScanner

वनाउने तालीम सञ्चालन गरिएको छ। वडा नं. ५ को तेलतेलेमा मखमलको जुत्ता चप्पल वनाउने, सि
ब्यूटी पार्लर र आरन सम्बन्धी तालीम सञ्चालन भएको त्यस्तै वडा नं. ७ को हाडेवासमा सरफ वनाउ
सञ्चालन भएको त्यस्तै वडा नं. २ र ७ मा ढाका वनाउने तालीम १९ जनामा सञ्चालन गरिएको, चार
गाडीको ड्राईभिङ्ग तालीम ३ जनामा सञ्चालन गरिएको छ। समग्रमा यस कार्यक्रम तर्फबाट चालू आ.व
जनालाई उद्यमी तथा स्वरोजगार बनाईएको छ।

## ४. पर्यटन विकास तर्फ

पर्यटनका आयोजनाहरूमा पुरानो गढी पुनः निर्माणका काम ठेक्का बमोजिमको कार्य सम्पन्न भएको छ, पो
छेलो भञ्ज्याँङ्ग पर्यापर्यटन निर्माण गरिएको छन् भने प्रचार प्रसारकालागि विभिन्न मेडियाहरूद्वारा
निर्माण र प्रसारण गरिएका छन्।

## ५. सहकारी बिकास तर्फ

यस गाउँपालिकाको सहकारी शाखा मार्फत सहकारी व्यवस्थापन तालिम, सहकारी लेखापालन तालीम
गरिएको भएको छ भने चालु आर्थिक वर्षमा सगरमाथा कृषि सहकारी संस्था ली. उ.गा.पा.१
२०७९।०५।१९ मा, कुर्कुनटा कृषि सहकारी संस्था लि. उ.गा.पा. ५ मिति २०७९।०९।११ मा, शुभ लक्ष्
सहकारी संस्था उ.गा.पा. २ मिति २०७९।१२।०६ मा र तावाश्री मासिन्टार कृषि सहकारी संस्था उ.ग
मिति २०७९।०५।१९ मा गरी जम्मा चारवटा सहकारी संस्थाहरु दर्ता भएका छन्।

## ६. पुर्वाधार क्षेत्र समिक्षा

आ.व. २०७९।८० को गाउँसभाबाट स्विकृत कार्यक्रम तथा संघीय सरकारबाट प्राप्त १५ शैयाको उदय
अस्पताल निर्माण कार्य द्रुतगतिमा भइरहेको छ। सभाबाट स्विकृत वडा नं ४, ५ र ७ को वडा कार्यालय
सम्पन्न भई सोही कार्यालयबाट सेवा प्रवाह हुन थालेको छ। नेपालटार र उदयपुरगढी कभर्डहल डिपिआर
भइ ठेक्का लागि बहुबर्षिय क्रमागत कार्यक्रमका रुपमा निर्माण भइरहेका छन्। नेपालटार उदयपुरगढी सडक
गरिएको छ स्तरोन्नती र कालोपत्रेका लागि संघ र प्रदेश सरकारसंग समपुरक साझेदारिका लागि प्रस्ताव ग
छन्। तिनतले छाँगा राग भञ्ज्याँङ्ग खानेपानी आयोजना वडा नं ४ मा निर्माण कार्य भइरहेको छ। वडा नं
स्वास्थ्य चौकी भवन निर्माणका क्रममा रहेको छ। वडा नं १ को स्वास्थ्य चौकी तावाश्रीको भवन निम
चरणमा रहेको छ। वडा नं. ३ को कोन्जोसोम गुम्वाको छत ढलान सम्म गरेको छ। वडा नं. ६ को छेलो भञ्ज्या
कार्य सम्पन्न गरि सकिएको छ। सोही वडाको पेम्बा छोईलिग गुम्वामा सिँडी निर्माणको कार्यक्रम सञ्चालन
छ। नेपालटार स्वर्गेडाडा लाहान सडक स्तरउन्नती गरिएको छ। चुलाढुँगा डुम्रे सडक स्तरउन्नती गरिएको
राष्ट्रिपती शैक्षीक सुधार कार्यक्रम अन्तर्गत आ.वि गैया र आ वि नरेटारमा २ कोठो भवन, आ वि गैडाखोर र
कुर्कुनटारमा ४ कोठे भवन र विभिन्न विद्यालयहरुमा शौचालय निर्माण तथा भवन निर्माणका कार्यक्रम सञ्चा
भई रहेका छन्। वडा नं १, २, ५, ६ र ८ मा सडक ढलान ५० मिटर, नाला निर्माण १३०५ मिटर, कल्वे ७
स्लाव कल्भर्ट २ वटा निर्माण भएको छ। सडक ग्राभेल तर्फ १ देखी ८ वटै वडामा २२.४ किलोमीटर सम्पन्न
छ। नयाँ ट्र्याक तर्फ सबै वडामा गरेर २२.७ किलोमिटर ट्र्याक ओपन गरिएको। खानेपानी तर्फ ताम
लिफ्टीङ्ग खानेपानी सम्पन्न भएको छ। पाइप ५०००० मिटर विस्तार तथा धारा २६८ संख्यामा जडान गरि
साथसाथै पानी कलेक्सन गर्ने टंकी हरेक वडामा निर्माण भएको छ। भवन निर्माण तर्फ आ वि सोलीढुङ्ग २
ट्रष्ट भवन, मा. वि. नेपालटार २ कोठे हल निर्माण, आ वि गैया २ कोठे ट्रष्ट भवन, अधुरो सामुदायिक भवन



CamScanner

म्पन्न गरिएको छ । पेमा छ्योईलिङ्ग गुम्बा छत ढलान भएको छ । जनजाती भवन तथा मठ मन्दिर निर्माण वडा २ मा सम्पन्न छ। वडा नं ३ मा कोन्जोङ्गसोम गुम्बा छत ढलान, स्वास्थ्य चौकी शौचालय निर्माण भएको छ । डा नं ४ मा मावि जल्केनि पहिरो नियन्त्रणमा आर सि सि वाल निर्माण गरिएको छ । वडा नं ५ मा मावि दयपुरगढी घेरावेरा सम्पन्न गरिएको छ । खेल मैदान तर्फ वडा नं ६, ५, ४ र ३ मा क्रमश भकुण्डेचौरी, ओदाले, गवेले, मौवारी खेलमैदान, मझुवा वेतीनि खेलमैदान, स्याठेखोला खेलमैदान, माझगाँउ खेलमैदान, सानोढुंग्रे लिवल खेल मैदान निर्माण भएको छ ।

## . बन, बाताबरण तथा विपद व्यवस्थापन

।.व. २०७९\८० को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम र्फको क्रेट जाली वडा नं. १ को वाहुनीटार हजारे, वडा नं. २ को पुजारीटार र गेर्खे जाने बाटोमा, वडा नं ६ को म्बा छोईलिङ्ग गुम्बा सिंढी निर्माणमा, वडा नं ८ मा वसेरी र सित्तलेमा क्रेट जाली उपलब्ध गराईएको छ । सबै डा र स्वास्थ्य चौकीहरुमा अर्थिङ्ग डिलाईटिङ्ग जडान सम्पन्न गरि सकिएको छ । विपद व्यवस्थापन राहत ोषबाट नदि कटान नियन्त्रण जनपरिचालन र प्राकृतिक विपद परेका घरपरिवारहरुलाई कोष संचालन समितिको र्णय बमोजीम क्षतिको मुल्यौंकनको आधारमा राहत प्रदान गरिएको । सहारा नेपालको सहयोगमा स्थानीय पद पूर्व तयारी प्रतिकार्य योजना र विपद उत्थानशील केन्द्र संचालन कार्यविधि बनाई लागु गरिएको । करेन्ट ागेर मृत्यु भएका १ जना, घर आगलागी भएका १५ घर, हात्तीले घर भत्काएको १ घर, हावाहुरीवाट घर डाएको ४५ घर, हावाहुरीवाट घाईते २ जना, आगलागिवाट घाईते १ जनालाई राहत प्रदान गरिएको । वडा नं. र ७ मा पुल र नदि नियन्त्रणका कार्य सम्पन्न गरिएको छ । आगलागी, हावाहुरी, बाढी पहिरोबाट प्रभावित डाहरुका प्रभावित ब्यक्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको छ । स्थानीय विपद व्यवस्थापन ार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराईएको छ । त्यस्तै यसै कार्यक्रम मार्फत विभिन्न स्थानमा एको पहिरोहरु नियन्त्रणका लागि क्रेट जाली लगाउने कार्यहरु भएको । वडा नं. ६ को ज्यामिरे खोला आसपास ोहर मैला व्यवस्थानका लागि डम्पिङ्ग साईट निर्माण गरिएको, जरुवा वाह्रविशे पहिरो नियन्त्रणको कार्य सम्पन्न भएको, वडा कार्यालय, प्रहरी चौकी,गाउँपालिकाको कार्यालयमा आगलागी नियन्त्रणका लागि फायर ईस्टीङ्गीसर वितरण गरिएको, कटारी वाहुनीटार वर्रे सडक खण्डको पहिरो नियन्त्रणको कार्य भएको छ । नरेटार चुरुम्फा सडकमा पहिरो नियन्त्रणका लागि जाली लगायतको कार्य सम्पन्न गरिएको । भुतिया खोल्सी तटवन्धको काम सम्पन्न गरिएको, वडा नं. ७ को गैरीटारमा पहिरो नियन्त्रणको कार्य सम्पन्न गरिएको छ । वैकल्पिक उर्जा कार्यक्रम तर्फ वडा नं ४, ५ र ७ मा सोलार सेट ९०० वाटको जडान गरिएको छ । ईन्टरनेटको वैकल्पिक व्यवस्थाका लागि वडा नं १ देखी ४ सम्म वैकल्पिक नेट जडान गरि ईन्टरनेटको कनेक्टीभिटीलाई अविच्छिन्न बनाईएको छ ।

## ८. सुशासन तथा संस्थागत बिकास

गाउँपालिकाले १० वटा ऐन, ६ नियमावली, आचार संहीता १ वटा, २८ कार्यविधि, निर्देशिका २ वटा र २ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ।गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६८ अंक प्राप्त गरेको छ ।



CamScanner

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन *FIDUCIARY RISK ASSESSMENT* मा ७६ भएको छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको मुल्याँङ्कन सूचकका आधारमा ७१.९३ अं यस गाउँपालिका कोशी प्रदेशकै उत्कृष्ठमा पर्न सफल भएको छ । साथै राजश्व सुधार कार्ययोजनाको कार्या आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएको छ ।

उदयपुरगढी गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका तालीम सञ्चालन गरि गरिएको छ । मेलमिलाप कर्ताहरुको पुनर्ताजकी तालीम सञ्चालन गरि सकिएको छ। टोल विकास संस्था क्षमता बढाउने उदेश्यले तालीम सञ्चालन गरि कार्य सम्पन्न गरिएको । गाउँपालिका परिसरमा सवारी पार्किङ्ग निर्माण हुने चरणमा रहेको छ ।

## ९. सामाजिक विकास तर्फ

स्वास्थ्य सेवा तर्फ पालिका स्तरीय स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा गोष्ठी कार्यक्रम स भएको, पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक तथा अर्धवार्षिक समिक्षा गोष्ठी स भएको, स्वास्थ्यकर्मीहरुको लागी ८ दिने इम्प्लान्ट तालिम कार्यक्रम सम्पन्न भएको, क्षयरोग स कार्यक्रम सम्पन्न भएको, परिवार कल्याण कार्यक्रम अन्तर्गत परिवार नियोजन,किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम सम्पन्न भएको, पोषण कार्यक्रम सम्पन्न भएको, मातृ तथा नव. कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरणा सेवा र न्यानो झोला कार्यक्रम संचालन ग ANC to PNC Contin कार्यक्रम सम्पन्न भएको, MNH Onsite coaching कार्यक्रम सम्पन्न भए CB-IMNCI समिक्षा कार्यक्रम सम्पन्न भएको, IMNCI onsite coaching कार्यक्रम सम्पन्न भए कोभिड १९ रोग विरुद्ध खोप अभियान तथा बुस्टर खोप कार्यक्रम मार्फत First dose 92.2 %, dose 64.1%,first Additional dose 23.1% & 2nd additional dose 3.6% जनतामा खोप पुरा भए नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता, दीगोपनाका लागी सुक्ष्म योजना अध्यावधिक दिन र सरसफाई प्रवर्धन प्याकेज पुनर्ताजगी तालिम १ दिन गरी ३ दिन एवं पूर्ण गा.पा.सुनिश्चितताको लागी खोप समन्वय समितिहरुको अभिमुखिकरण, स्वास्थ्यकर्मीहरुबाट वड घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको, प्रजनन् रुग्णता स्वास्थ्य कार्यक्रम सम भएको, स्वास्थ्यकर्मीहरुको लागी DHIS-2 तथा HMIS सम्बन्धि ३ दिने तालिम कार्यक्रम सम्प भएको, स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्बन्धि अभिमुखिकरण, फलोअप त अनुगमन कार्यक्रम सम्पन्न भएको । नर्सिरू तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम अन्त महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठी कार्यक्रम सम्प भएको, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिंवस कार्यक्रम सम्पन्न भएको । पालिका अन्तर्गत ३ वटा स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण कार्यक्रम सम्पन्न भएको, सुरंक्षित मातृत्व त जीवन सुरक्षा सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य संस्था स्तरीय दिने समिक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको, स्थानीय स्वास्थ्य संस्था संचालन त व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सम्बन्धि स्वास्थ्य संस्था स्तरीय २ दिने तालि कार्यक्रम सम्पन्न भएको, आमा समूह तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु लागी सामाजिक व्यवहार परिवर्तन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको, गर्भव तथा सुत्केरी परिवारसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको, आमा समूह सुदृढीक कार्यक्रम सम्पन्न भएको, आमा सुरक्षा कार्यक्रम अन्तर्गत ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचाल गरिएको छ ।



CamScanner

**१०. महिला, बालबालिका तथा जेष्ठनागरिक तर्फ**

महिला विकास तर्फ महिला सहकारी संस्थाहरुलाई क्षमता विकास तर्फको कार्यक्रमहरु सञ्चालन गरिएको छ । प्रजनन् स्वास्थ्य र लैंगिक हिंसा न्युनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ । महिला तथा अपाङ्गहरुलाई विभिन्न नेतृत्व तथा क्षमता विकास तालीम सञ्चालन गरिएको छ । बाल क्लबहरु गठन गरि उनिहरुको क्षमता विकासका कार्यक्रमहरु तथा नियमन गर्ने गरिएको छ ।

**११. शिक्षा, युवा तथा खेलकुद बिकास तर्फ**

स्थानीय पाठ्यक्रम निर्माण गर्दै गरिएको छ । आधारभुत विद्यालयहरुमा ICT का सामाग्रीहरु लगायत डिजिटल हाजीरी जडान गरिएको छ । गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको प्रधानाध्यापकहरुको भ्रमण सञ्चालन गरिएको छ । राष्ट्रिपती रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरि सकिएको छ, उक्त प्रतियोगितामा नमूना मा.बि.भलायडाँडा प्रथम भएको थियो । विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्री वितरण तथा कक्षा कोठा निर्माणका कार्यहरु गरिएको छ । स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ गा पा भित्र कभर्ड हलहरु निर्माण गर्ने कार्य सुरु गरिएको । गाउँपालिका स्तरीय शिक्षा ऐन जारी गरिएको, सोही ऐनमा भएको व्यवस्था अनुसार शिक्षा समिति गठन भएको छ ।

आदरणीय गाउँ सभा सदस्य ज्युहरु,

अब म आर्थिक वर्ष २०८०।८१ मा अबलम्वन गरिने नीति तथा कार्यक्रमको विषयगत विवरण पेश गर्दछु ।

**१. आर्थिक विकास:**

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गरी क्रमश: आत्मनिर्भरता हासील गरिनेछ । तीनै तहका सरकारबीच समन्वयमा सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको वजारीकरण गरिनेछ । एकीकृत राष्ट्रिय अनुदान सम्वन्धी कानून एवं कृषि अनुसन्धान नीति तर्जुमा गरिनेछ ।
- गुणस्तरीय बीउविजनमा यस गाउँपालिकालाई आत्मनिर्भर वनाईनेछ । रैयाने बाली,विउ विजन,नश्ल र कृषि तथा पशुपन्छी जन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ । रैथाने बालीको संरक्षण र प्रवर्दन गर्दै कृषकहरुको माग वमोजिम हाईव्रिड तथा उन्नत जातको वीउ उपलब्ध गराईनेछ । प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहीत गरिनेछ ।
- कृषक र लधु उद्यमीहरुले व्यवसायीक कृषि तथा घरेलु उद्योग कार्यका लागि लिएको कर्जा कार्यक्रमलाई सहयोग पुग्ने गरि व्याजमा केही अनुदान उपलब्ध गराइनेछ ।
- खाद्यान्न भण्डारगृहको क्षमता अभिवृद्दी गरि न्युनतम परिमाणको खाद्यान्न मौज्दात राख्ने व्यवस्था गरिनेछ । कृषि उपजको ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ ।
- संघिय र प्रदेशको सहकार्यमा पालीकामा एक शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरि किसानको उत्पादनलाई वजारीकरण गरिनेछ । एक वडा एक सामुहीक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- उपयोगमा नआएका तथा वाँझो जमिनमा कृषि खेती प्रवर्दन गर्न युवा लक्षीत सहकारी तथा सामुदायीक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन बृद्दि गर्न भुमिको चक्लावन्दीलाई प्रोत्साहित गरिनेछ ।
- अर्गानीक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ । अदुवा वेसार लगायत कृषि वस्तुको निर्यात प्रवर्दनका कार्यक्रम सन्चालन गरिनेछ ।